# विश्व न्याय गृह
# रिज्वान २०१४

विश्वभरिका बहाईहरूको लागि
अति प्रिय मित्रहरू,

दैवी योजनाको प्रकटिकरणको वर्तमान चरण प्रारम्भ भएको पूरा तीन वर्ष बितिसकेको छ, यस्तो अभियान जसले बहाउल्लाहका अनुयायीहरूलाई एउटा एकत्रित आध्यात्मिक प्रयत्नमा अनुग्रहित गराएको छ । ईश्वरका मित्रहरूलाई यसको निश्चित समाप्तिसम्म पुग्न केवल दुई वर्ष बाँकी छ । वृद्धिको प्रक्रियालाई गति दिने दुई आवश्यक तत्वहरू तालिम प्रतिष्ठानद्वारा सञ्चालित क्रमबद्ध पाठहरूका सहभागीहरूको निरन्तर प्रवाह र क्लष्टरहरूको अविछिन्न विकासलाई गत वर्ष आयोजित युवा सम्मेलनरूद्वारा प्रस्फुटित उर्जाले अत्याधिक रुपमा सुदृढ बनाइएको छ । सेवाको क्षेत्रमा ठूलो संख्यामा मानिसहरूलाई परिचालनगर्न बहाई विश्वले प्राप्त गरेका बढ्दो क्षमताले अब फल पैदा गर्नेछ । किनकि यस बाँकी समयमा हालका वृद्धि कार्यक्रमहरूलाई सुदृढ बनाउने अत्यावश्यक कार्य र नयाँ कार्यक्रम शुरु गर्नुपर्ने कामले आग्रहपूर्ण संकेत गरेका छन् । यो समय सकिनु अघि नै यस्ता कार्यक्रमहरू प्रकट भइसकेका क्लष्टरहरूमा लक्ष्य अनुसार अब बाँकी दुई हजार थप्न अति महान नामको समुदाय राम्रो अवस्थामा छ ।

हामी कति खुशी छौं कि यस प्रयासलाई विश्वका टाढा टाढाका क्षेत्रहरूमा र विविध परिस्थिति र पृष्ठभूमिहरूमा तीन हजार क्लष्टरहरूमा, जोडतोडका साथ अघि बढाउने काम भइरहेको छ । कैयौं क्लष्टरहरू यस्तो विन्दुमा छन् जहाँ केही सामान्य कार्यक्रमहरूको कार्यान्वयनबाट नै गति प्राप्त भएको छ । अरुहरूमा, क्रियाकलापहरूको क्रमबद्ध चक्रहरू पश्चात योजनाको कार्यक्षेत्र भित्रै पहल गर्ने व्यक्तिहरूको संख्या बढेको छ र क्रियाकलापको तिब्रता पनि बढेको छ ; जब अनुभवद्वारा आध्यात्मिक शिक्षाको प्रक्रियाको स्तर बढाइन्छ , आत्माहरू त्यसमा सहभागी बन्न बढी तत्परताकासाथ आकर्षित हुनेछन् । समय समयमा क्रियाकलापमा सुस्तता आउन सक्छ अथवा अघि बढ्ने क्रममा बाधा अडचन आउन सक्छन्; धैर्यता, साहस र दृढताकासाथै अवरोधका कारण पत्तालगाउन गरिएको छलफलले पुनः गति प्राप्त गर्न सक्षम बनाउँछ । झन् झन् बढी क्लष्टरहरूमा वृद्धि कार्यक्रमको कार्यक्षेत्र र जटिलता पनि योजनाका तीन मुख्य पात्रहरू, व्यक्ति व्यक्ति, समुदाय र धर्मका संस्थाहरूको क्षमता अनुसार एउटा पारस्परिक समर्थनको वातावरण सृजना गर्ने काममा बढ्दै गइरहेको छ । र हामीलाई खुशी लागेको छ कि प्रतिक्षा गरे अनुसार अहिले बढ्दो संख्यामा त्यस्ता क्लष्टरहरू छन् जहाँ सय वा त्यस भन्दा बढी व्यक्तिहरूले एक हजार वा त्यसभन्दा बढीलाई एउटा आध्यात्मिक गतिशील र परिवर्तनशील जीवन पद्धति बुन्ने काममा संलग्न गराउने काम गर्दै छन् । शुरुदेखि नै अवश्य नै यस प्रक्रियाको पछाडि भौतिक तथा आध्यात्मिक उन्नतिको त्यस अन्तर्दिष्टि तर्फको दौडान छ जुन संसारको जीवनदाताले निर्धारित गर्नु भएको छ । तर जब यस्ता ठूला संख्याहरू संलग्न हुन्छन् , सम्पूर्ण जनसंख्याको चाल प्रत्यक्ष हुन थाल्छ ।

यो गति खासगरी ती क्लष्टरहरूमा देखिन्छन् जहाँ एउटा स्थानीय माश्रिकुल-अध्कार स्थापित हुने छ । एउटा यस्तो उदाहरण हो भानुआतु । तान्ना भन्ने टापूमा बसोबास गर्ने साथीहरूले आयोजित उपासना मन्दिर निर्माणबारे चेतना बढाउने कठोर प्रयास गरे, र त्यस टापूका ३०,००० निवासीहरू मध्ये कम्तीमा एक तिहाईलाई संलग्न गरेर यसको महत्वबारे विभिन्न तरिकाले वार्तालाप बढाउने काममा लागिसकेका छन् । यति धेरै मानिसहरूसँग यस्तो उन्नत वार्तालापलाई निरन्तरता दिन सक्ने क्षमता वर्षौंदेखि बहाउल्लाहका सन्देशहरू बाँड्ने र गतिशील तालिम प्रतिष्ठानको पहुँच बढाउने कामबाट परिस्कृत गरिएको हो । खासगरी टापूका नव युवा समूहहरू मौलाएका छन् र सहभागीहरू आध्यात्मिकताबाट सशक्त भएको देखेर गाउँका मुखियाहरूबाट

पाएको सहयोगले प्रोत्साहित भएका छन् । आफूहरूमा विकास भएको एकता र समर्पणबाट प्रोत्साहित भएर यी युवाहरूले आफ्नो शिथिलतालाई हटाउने मात्र हैन बरु विभिन्न व्यवहारिक आयोजनाहरू, आफूहरूको समुदायको भलाइको लागि काम गर्ने उपायहरू पत्ता लगाएका छन्, र यसको फलस्वरुप, सबै उमेरका व्यक्तिहरू, खास गरि तिनीहरूका आफ्नै अभिभावकहरू रचनात्मक कार्यमा उत्प्रेरित गराइएका छन् । धर्मावलम्बिहरू र व्यापक समाजमा कठिन समस्याहरूको समाधन र मार्गदर्शनका लागि स्थानीय आध्यात्मिक सभा समक्ष जान पाउने कृपालाई स्वीकारिँदैछ, र फलस्वरुप स्थानीय सभाहरूका निर्णयहरूमा बढ्दो मात्रामा विवेक र संवेदनशीलता देखिन थालेको छ । यहाँ धेरै कुराहरू छन् जसद्वारा यो देखिन थालेको छ कि जब जब योजनाको कार्यक्रमको ढाँचाका तत्वहरूलाई मिलाएर पूर्णरुप दिइन्छ तब कुनै जनसंख्यामा पर्ने प्रभाव गहन हुन सक्छ । र यो चालु विस्तार र सुदृढीकरणको पृष्ठभूमिमा नै हो-सघन वृद्धि कार्यक्रमको तीसौं चक्र भर्खर मात्र सकिएको छ-साथीहरू सक्रिय रुपमा टापूका अन्य निवासीहरूसँग मिलेर अनुसन्धान गरिरहेका छन् कि उनीहरूका बीचमा एउटा माश्रिकुल-अध्कार “मानिसहरूका आत्माका सामूहिक केन्द्र” निर्माण हुनुको अर्थ के हो । परम्परागत अगुवाहरूको सक्रिय सहयोग सहित तान्ना निवासीहरूले मन्दिरको लागि कम्तिमा एक सय नमुनाहरू प्रस्तुत गरेका छन् , यसरी उपासना मन्दिरले मानिसहरूको कल्पनालाई कुन हदसम्म आकर्षित गर्न सकेको छ भन्ने कुरा प्रस्तुत गरेको छ, र त्यसको छायाँमुनि बसोबास गर्नेहरूका जीवनमा यसले कस्तो प्रभाव पार्ने छ भन्ने कुराको उत्साहित सम्भावनाहरू खुलाई दिएको छ ।

यो उत्साहवर्धक विवरणको प्रतिरुप त्यस्ता कैयौं अरु विकसित क्लष्टरहरूमा पनि पाइन्छ जहाँ बहाउल्लाहका शिक्षाहरूको प्रभाव छरछिमेक र गाउँहरूको जीवनका विविध परिस्थितिहरूमा पाइन्छ । प्रत्येकमा, एक जन समुदायले बहाउल्लाहको व्यक्तित्वबारे बढ्दो मात्रामा सचेत भएर, अनुभव माथि चिन्तन, विचार विमर्श र अध्ययन, गरेर उनको प्रकटीकरणमा समाविष्ट सत्यहरू माथि कसरी कार्य गर्ने भन्नेबारे सिक्दै छ, यसरी बढ्दै गइरहेको आध्यात्मिक बन्धुहरूको समाज, सामूहिक उपासना र सेवाका सम्बन्धबाट झन् बढी निकटरुपमा बाँधिनेछन् ।

धेरै किसिमले सबभन्दा बढी प्रगती गर्ने समुदायहरूले यस्तो मार्ग पैलाएका छन् जसले अरुलाई पछि लाग्न आकर्षण गरेको छ । तर पनि क्लष्टरमा जस्तोसुकै स्तरको क्रियाकलाप भएतापनि कुनै प्रारुपभित्र रहेर स्थानीय मित्रहरूमा सिक्ने क्षमता नै हो जसले विकासको बाटोमा प्रगती गराउँछ । यस अभियानमा सबैको हिस्सा छ ; प्रत्येकको सहभागिताले समग्रलाई सम्पन्न बनाउँछ । सबभन्दा गतिशील क्लष्टरहरू ती हुन् जहाँ, समुदायको स्वामित्वमा जस्तो सुकै श्रोत साधनहरू भएतापनि वा जुन संख्यामा क्रियाकलापहरू सञ्चालन भएतापनि, मित्रहरूले यो बुझेका हुन्छन् उनीहरूको कर्तव्य प्रगती गर्नका लागि के आवश्यक छ भनेर ठम्याउनु हो-उदयीमान क्षमता जसलाई हुर्काउनु पर्ने छ, नयाँ सीप जसलाई प्राप्त गर्नु पर्ने छ , कुनै अनुभवहिन प्रयासका शुरुकर्ताहरू जसलाई साथ दिनु पर्नेछ , चिन्तनका लागि स्थान जसलाई अभ्यास गर्नुपर्ने हुन्छ , सामूहिक प्रयास जसलाई समन्वय गर्नुपर्ने हुन्छ-अनि त्यसपछि त्यस्ता रचनात्मक उपायहरू पत्ता लगाउनु पर्नेछ जसद्वारा त्यसलाई प्राप्त गर्नका लागि आवश्यक समय र श्रोत साधन उपलब्ध गराउन सकिन्छ । प्रत्येक परिस्थितिले आफ्नै चुनौतिहरू प्रस्तुत गर्दछ भन्ने तथ्यले प्रत्येक समुदायलाई बहाई विश्वबाट सिकिएका कुराहरूबाट फाइदा लिने मात्र हैन बरु त्यस ज्ञानको भण्डार आफ्नो ज्ञान थप्न सक्षम बनाएको छ । यस वास्तविकताबारे सचेत हुनाले आफूलाई सेवाका लागि कुनै कडा सुत्रको निरर्थक खोजीबाट मुक्त गराउँछ तर विविध परिस्थितिमा बटुलेका दृष्टिहरूबारे आफ्नै वातावरणमा मूर्तरुप लिइरहेको वृद्धिको प्रक्रियाबारे बताउन सकिन्छ । यो सम्पूर्ण प्रणाली उत्तेजितता उत्पन्न गराउने र इच्छा शक्तिलाई निर्वल बनाउने “सफलता” र “बिफलता” का संकूचित धारणाहरूको विपरित छ । निर्लिप्तता आवश्यक छ । जब ईश्वर मात्रको लागि प्रयास गरिन्छ तब जे हुन जान्छ त्यो उनैको हुन्छ र उनको नाममा प्राप्त भएको प्रत्येक विजय उनको प्रशंसा गर्ने अवसर बन्न जान्छ ।

गरिएका प्रयास र प्रत्युत्तरमा अनुग्रह पूर्वक दिइने दैवी सहायताको सम्बन्धबारे हाम्रो धर्मका लेखनीहरूमा यति धेरै वर्णन गरिएको छ : “यदि तिमीले प्रयास मात्र गऱ्यौ भने,” स्वामीको एउटा धर्मपत्रमा यस्तो आश्वासन पाइन्छ, “यो निश्चित छ कि यी भव्यताहरू चम्कने छन्, यी कारणका बादलहरूले पानी वर्षाउने छन् , यी जीवन दायिनी हावाहरू उठ्ने छन् र बहने छन् , यो सुगन्ध युक्त कस्तुरी टाढा टाढा सम्म छरिने छ ।” हाम्रा पवित्र स्थलहरूमा घरि घरि हुने दर्शनमा हामी तपाईंहरूको तर्फबाट सर्व-शक्तिमानसँग उत्सुक्ताकासाथ याचना गर्दछौं कि उनले तपाईंहरूलाई सहारा दिउन र बलियो बनाउन्, ता कि दैवी शिक्षाहरूबारे अनभिज्ञहरूसम्म पुग्ने र तिनीहरूलाई उनको धर्ममा समावेश गर्ने प्रयासले प्रचूर मात्रामा कृपा प्राप्त गरुन् र उनको असीमित कृपाहरू माथि तपाईंहरूको भरोसा नडगमगाओस् । तपाईंहरू हाम्रा प्रार्थनाहरूबाट कहिल्यै पनि वञ्चित हुनुहुन्न, र तपाईंहरूबाट भक्तिका पवित्र कार्यहरूलाई हामी आफ्ना प्रार्थनाहरूमा सम्झन कहिल्यै छाड्ने छैनौ । आगामी दुईवर्षका लागि पवित्र सौन्दर्यका अनुयायीहरूका अगाडि रहेका जरुरी कुराहरूमाथि विचारगर्दा, स्वामीको जोडदार आह्वान नै आत्माको लागि एउटा प्रेरणा बनेको छः “ती पर्दाहरूलाई टुक्रा टुक्रा पारिदेऊ, बाधाहरूलाई हटाईदेऊ, जीवन-दायिनी जल प्रस्तुत गर, र मुक्तिको बाटो देखाइदेऊ ।”

विश्व न्याय गृह